# जलजला गाउँपालिका
# लामाखेत, पर्वत

# बजेट वक्तव्य

**आ.व.२०८३/८४**

# आ.व. २०८३।०८४ को बजेट वक्तव्य

**आदरणीय सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरू,**

१. जलजला गाउँपालिकाको २१ औ गाउँसभाको अधिवेशनको बैठकमा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम समेटिएको आय र व्ययको अनुमान एवं बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको लागि विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्ने सबै ज्ञात अज्ञात शहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

३. विगत देखि हाल सम्मका विभिन्न नागरिक आन्दोलनको नेतृत्व गर्नु हुने सम्पूर्ण अग्रजहरूको योगदान प्रति उच्च सम्मान प्रकट गर्दछु। शहिद, वेपत्ता तथा घाइतेका परिवारप्रति उच्च सम्मान सहित घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

४. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना भई स्थानीय तहको दोस्रो कार्यकालमा निर्वाचित हामी जनप्रतिनिधिहरूले पद वहाली गरेको चार वर्ष पुरा भएको छ। तिन तहको सरकार बिचको सहकार्य, सहअस्तित्व र समन्वयसँगै जनतामा नयाँ उत्साहको सञ्चार वृद्धि भएको छ ।

५. चालु आर्थिक वर्ष समेत चार आर्थिक वर्षको हाम्रो कार्यकालबाट नागरिकहरूमा केही आशा र अवसर सिर्जना भएका छन। तथापी पूर्णरुपमा लक्ष्य प्राप्ती हुन सकिरहेको छैन। सुन्दर, समुन्नत र व्यवस्थित जलजला गाउँपालिका निर्माणको

महाअभियानमा सबै पक्षको रचनात्मक र सार्थक सहभागिताको अपेक्षा गरेको छु ।

६. सिमित स्रोत र साधनको अधिकतम उपयोग गरी जलजलाबासी आम नागरिकको अपेक्षाहरू क्रमशः पुरा गर्नु  हाम्रो सामु चुनौतिपुर्ण बन्दै गइरहेको छ ।

७. पछिल्लो समय पूर्वी एसियाका विभिन्न मुलुकमा देखिएको द्वन्द्व, मुलुक भित्र भाद्र २३ तथा २४ गते घटेको जेन्जी आन्दोलनको परिणाम, मुलुकको समग्र अर्थतन्त्रमा देखिएका शिथिलता, मूल्य वृद्धि जस्ता विविध समस्या र चुनौतिका कारण अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत तोकिएको बमोजिमको रकम निकासा नहुँदा र अनुमानित लक्ष्य अनुसार आन्तरिक राजश्व संकलन हुन नसक्दा आशातित उपलब्धीहरु हासिल गर्न नसेकको व्यहोरा सबैमा अवगत नै छ ।

८. शासन व्यवस्था र शासकीय क्रियाकलापमा नागरिकको सहज पहुँच र सहभागिता वृद्धि भई स्थानीय सरकार प्रति नागरिकको विश्वास र अपनत्व बढ्दै गईरहेको छ। नागरिकको अपेक्षा अनुरूप सार्वजनिक सेवालाई घरदैलोमा पुर्‍याउने लक्ष्यमा आशातित प्रगति भईरहेको छ ।

९. आगामी बजेट नागरिकका प्राथामिक आवश्यकताको सम्बोधन गर्दै आर्थिक, सामाजिक विकास, स्वरोजगारमूलक तथा लक्षित वर्ग केन्द्रित कार्यक्रम, पर्यटन तथा पूर्वाधार विकासको माध्यमबाट दिगो समृद्धि हासिल गर्दै सुशासन प्रवर्द्धन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने दिशामा उन्मुख हुनेछ ।

**आदरणीय सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरू:**

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्त सम्मको आय तथा व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

१०. चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको नगद मौज्दात र आन्तरिक आम्दानी समेत जम्मा **रू. ४ करोड ८० लाख ९८ हजार** अनुमान गरिएकोमा **रू. २ करोड ३१ लाख ७० हजार** अर्थात **४८ दशमलव १७ प्रतिशत** मात्र राजस्व संकलन भएको छ ।

**११.** चालु आर्थिक वर्षमा संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान, शर्शत अनुदान र विशेष अनुदान समेतबाट जम्मा **रू. ३८ करोड ७० लाख प्राप्त हुने अनुमान गरिएकोमा जम्मा रू ३१ करोड ७३ लाख ४९ हजार ६ सय १० (अर्थात ८२ प्रतिशत)** मात्र प्राप्त भएको छ ।

१२. प्रदेश सरकार तर्फको वित्तीय समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदान वापत जम्मा रू. **२ करोड १६ लाख ६९ हजार अनुमान गरिएकोमा जम्मा रू. १ करोड ४७ लाख ३५ हजार (अर्थात ६७.९७ प्रतिशत)** मात्र प्राप्त भएको छ ।

१३. संघ र प्रदेश दुवै तर्फको राजस्व बाँडफाँड बाट प्राप्त हुने रकम **रू. ९ करोड ७८ लाख ६० हजार अनुमान गरिएकोमा जम्मा रू. ७ करोड ६९ लाख ८६ हजार अर्थात ७८.६७ प्रतिशत** मात्र प्राप्त भएको छ ।

१४. समानीकरण अनुदान, शशर्त अनुदान र राजस्व बाँडफाँडको रकम लक्ष्य अनुरूप प्राप्त हुन नसक्दा निर्धारित कार्यक्रमका लागि श्रोत अपर्याप्त भएकोले स्वीकृत भई सम्पन्न भएका सबै योजना तथा कार्यक्रमहरूमा भुक्तानी गर्न असहज भई आगामी आर्थिक वर्षमा **रु. २ करोड ४० लाख** दायित्व सार्नु पर्ने अनुमान गरेको छु ।

१५. चालु आर्थिक वर्षको को ज्येष्ठ मसान्त सम्मको कार्यप्रगति अनुसार **चालु खर्च तर्फ ७४ दशमलव ९५ प्रतिशत र पुँजीगत खर्च तर्फ ४४ दशमलव ८२ प्रतिशत गरी औषत ५९ दशमलव ८८ प्रतिशत** खर्च प्रगति भएको छ ।

**आदरणीय सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरू,**

१६. अब म आगामी आर्थिक वर्षको बजेटको उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्य देहाय बमोजिम तय गरेको छु।**

क) दक्ष, सिपयुक्त जनशक्तिको उत्पादन मार्फत रोजगारी सिर्जना र आय वृद्धि गरी गरिबी निवारण गर्नु,

ख) गुणस्तरीय एवं दिगो पुर्वाधार निर्माण गर्नु,

ग) सामाजिक सुरक्षा र सामाजिक संरक्षणको माध्यमबाट सामाजिक न्याय कायम गर्नु,

घ) सभ्य, सुसंस्कृत एवं समतामुलक समाजको निर्माण गर्नु,

ङ) शिघ्र, सुलभ तथा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह सुनिश्चत गर्नु,

च) सुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु।

**बजेटका प्राथमिकता देहाय बमोजिम रहेका छनः**

क) उद्यमशिलता, स्वरोजगार प्रवर्द्धन, युवा उद्यम विकास, उत्पादन र उत्पादकत्व वृद्धि,

ख) गुणस्तरीय स्वास्थ्य र शिक्षा, खानेपानी तथा सरसफाई,लैङ्गिक समानता र सामाजिक समावेशीकरण मार्फत सामाजिक विकास,

ग) सन्तुलित र गुणस्तरीय विकास र तहगत सहकार्य,

घ) कृषि, पर्यटन, पुर्वाधार, नवप्रवर्तन मार्फत आर्थिक विकास,

ङ) गुणस्तरीय तथा डिजिटल सेवा प्रवाह र सुशासन प्रवर्द्धन

च) महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति र पिछ्डिएको समुदायको सशक्तीकरण

**आदरणीय सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरू,**

१७. अब म बजेटका क्षेत्रगत कार्यक्रम तथा विनियोजन पेश गर्दछु।

- पूर्वाधार विकास गा. पा. तर्फ रु. **१ करोड ३५ लाख।**
- पूर्वाधार विकास वडागत तर्फ रु. **३ करोड ९५ लाख**
- सामाजिक विकास तर्फ रु. **३ करोड १५ लाख**
- आर्थिक विकास तर्फ रु. **६५ लाख**
- विपद व्यवस्थापनका लागि रु. **३० लाख**
- न्यायिक समितिका लागि रु. **५ लाख**
- सुशासन तथा सार्वजनिक सेवा प्रवाह सुधारका लागि रु. **५ लाख**

१८. गाउँपालिका स्तरीय १० शैया अस्पताल निर्माण सम्पन्न भईसकेको छ। सो अस्पताल प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि यो आ.व.मा रु. **७५ लाख** बजेट व्यवस्था मिलाएको छु।

१९. धार्मिक तथा पर्यटकिय महत्वको क्षेत्र हम्पाल कालाञ्जरमा प्रविधि तथा नवप्रवर्तन सिकाई केन्द्र निर्माणका लागि संघीय सरकार समपुरक अनुदानबाट **रु. ६५ लाख र गाउँपालिकाको तर्फबाट रु. ६५ लाख गरि एक करोड ३० लाख** बजेट विनियोजन गरेको छु।

२०. निर्माणाधिन नाग्लीवाङ स्वास्थ्य चौकी निर्माणका लागि आ.व. २०८२।०८३ मा लगाईएको ठेक्का सम्पन्न गर्न आगामी बर्ष **रु. ५५ लाख** स्रोत सुनिश्चित गरेको छु।

२१. धाइरिङ स्वास्थ्य चौकी र बनौ स्वास्थ्य चौकीलाई निर्माण सम्पन्न गरी पूर्णरुपमा सञ्चालन गर्न संघीय शसर्त अनुदान मार्फत रु. **५० लाख** र गाउँपालिकाको तर्फबाट थप **रु. २० लाख** विनियोजन गरेको छु।

२२. माथिल्लो धाइरिङमा सञ्चालित आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न गरी सञ्चालन गर्नको लागि संघीय सरकार शसर्त अनुमान मार्फत **रु. ३५ लाख** र गाउँपालिकाको तर्फबाट **रु. १० लाख** थप गर्ने व्यवस्था मिलाएको छु।

२३. बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रमका लागि प्रदेश सरकारबाट विशेष अनुदान **रु. ४० लाख** र गाउँपालिकाको तर्फबाट **रु. ५० लाख** थप गरि **रु. ९० लाख** विनियोजन गरेको छु।

२४. पालिका स्तरिय खेलकुद मैदान तथा बहुउद्देशिय कवर्डहल निर्माणका लागि प्रदेश सरकार समपुरक अनुदान मार्फत **रु. ६० लाख** र गाउँपालिकाको तर्फबाट **रु. ६० लाख** थप गरि रु. **१ करोड २० लाख** विनियोजन गरेको छु।

२५. उल्लेखित क्षेत्रगत विनियोजनबाट योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भई गाउँपालिकाको आर्थिक, सामाजिक एवं पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सुशासन र संस्थागत विकासको सम्भावना उजागर भई समुदायमा आधारित समावेशी विकासको आधार खडा हुने अपेक्षा लिएको छु।

**आदरणीय सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरूः**

२६. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२७. आगामी आर्थिक वर्षको लागि **कुल ५३ करोड १२ लाख** बजेट विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु खर्च तर्फ **रु. ३५ करोड ६१ लाख**

र पूँजीगत खर्च तर्फ रु. **१७ करोड ५१ लाख ६३ हजार** विनियोजन हुने अनुमान पेश गरेको छु ।

२८. आगामी आर्थिक वर्षका लागि अनुमानित गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकार  समानीकरण अनुदान बाट **रू. ९ करोड २८ लाख**, संघीय सरकार सशर्त बाट **रु. २६ करोड ११** लाख, संघीय सरकार राजस्व बाँडफाँडबाट रु. **८ करोड २१ लाख ६० हजार**, संघीय सरकार विशेष अनुदान बाट **रु. १ करोड** र संघीय सरकार समपुरक अनुदान बाट **रु. ६५ लाख** प्राप्त हुने अनुमान गरेको छु।

२९. प्रदेश सरकारको समानीकरण अनुदानबाट रु. **१ करोड १६ लाख ४८ हजार**, प्रदेश सरकारको राजस्व बाँडफाँटबाट **रु. ९४ लाख ५५ हजार**, प्रदेश सरकार विशेष अनुदान **रू. ४० लाख,** प्रदेश सरकार समपुरक अनुदान **रू. ६० लाख,** आन्तरिक स्रोतबाट रु. **२ करोड ६१ लाख** र स्थानीय राजश्व बाँडफाँटबाट **रु. १ करोड** प्राप्त हुने अनुमान गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू,सभाका सदस्यज्यूहरूः**

३०. अब म आर्थिक वर्ष २०८३/०८४ को राजस्व नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३१. गाउँपालिकाको आन्तरिक राजस्व अपेक्षाकृत रूपमा संकलन हुन नसकेको, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदान मार्फत प्राप्त हुने वित्तीय हस्तान्तरणको रकम क्रमिक रुपमा विगतको वर्ष भन्दा घट्दै गएको कारणले निरन्तर बढिरहेको सार्वजनिक खर्चको स्रोत व्यवस्थापन गर्न आन्तरिक राजस्व प्रणालीलाई समयानुकुल प्रभावकारी बनाउनु आवश्यक रहेको छ। राजस्व चुहावट नियन्त्रण गर्दै राजस्व संकलन तथा राजस्व प्रणालीलाई प्रभावकारी बनाउन देहाय बमोजिमको उद्देश्य तय गरेको छु।

क) आर्थिक क्रियाकलापलाई प्रोत्साहित गर्दै करको दायरा फराकिलो बनाउनु।

ख) विद्युतीय प्रणाली मार्फत घरैमै बसि कर भुक्तानी गर्ने व्यवस्था मिलाउनु।

ग) कर कानुनमा समसामायिक सुधार र सरलीकरण गरी स्वेच्छिक कर सहभागिता बढाउनु ।

घ) राजस्व प्रशासनको दक्षता अभिवृद्धि गरी राजस्व चुहावट नियन्त्रण गर्नु।

ङ) मितव्ययी, पारदर्शी, करदाता मैत्री राजस्व प्रणालीको विकास गर्नु ।

च) अन्तर निकाय समन्वयलाई सुदृढ गरी कर संकलन कार्यलाई थप प्रभावकारी बनाउनु।

३२. अब म आर्थिक वर्ष २०८३/०८४ को राजस्वसँग सम्बन्धित कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क) आगामी आर्थिक वर्षका लागि राजश्वका दरमा समयानुकुल सामान्य हेरफेर गरिएको छ।

ख) राजस्व प्रशासनको दक्षता र क्षमता अभिवृद्धि गर्दै लगिनेछ।

ग) घुम्ती शिविर मार्फत सम्बन्धित वडाबाट नै राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

घ) चालु आ.व. को पौष मसान्त सम्म सम्पत्ति तथा भुमिकर बुझाउन र चालु आ.व. को असोज मसान्त सम्म व्यवसाय नविकरण गर्न आएमा लाग्ने शुल्कमा प्रोत्साहन स्वरूप दिदै आएको **१० प्रतिशत** छुटलाई निरन्तरता दिएको छु।

३३. जलजला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, कर लगाउन तथा राजस्व संकलन गर्न र राजस्व प्रशासन सम्बन्धी कानुनी व्यवस्था गर्न प्रस्ताव गरिएको जलजला गाउँपालिकाको **आर्थिक विधेयक**

**२०८३**, जलजला गाउँपालिकाको सेवा तथा कार्यको लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धी कानुनी व्यवस्था गर्न बनेको जलजला गाउँपालिकाको **विनियोजन विधेयक, २०८३** यसै साथ पेश गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरूः**

**३४.** जलजला गाउँपालिकाको प्रस्तुत बजेट तर्जुमा एवं गाउँसभाको तयारीको क्रममा मार्गदर्शन प्रदान गर्नु हुने सभाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य ,विषयगत समितिका संयोजक र सदस्यहरू, गाउँसभाका सदस्यहरू, गाउँपालिकाका विभिन्न शाखामा कार्यरत शाखा प्रमुख तथा सम्पुर्ण कर्मचारीहरू, शिक्षक, राजनितिक दलका प्रतिनिधिहरू, बुद्धिजिविहरु, नागरिक समाज, पत्रकार मित्रहरू, सुरक्षाकर्मी लगायत महत्वपूर्ण सल्लाह सुझाव दिनु हुने सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत बजेटको कार्यान्वयमा सम्बन्धित सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु।

धन्यवाद !